दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २०४ | बुटवल | २०८१ साउन ०६, गते आइतबार | नेपाल संवत ११४४ | Sunday July 21, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**सुर्तीजन्य पदार्थको तत्कालीन असर**

सुर्तीजन्य पदार्थको सेवनलेः

-झुम्म पार्ने, मस्तिष्क सुस्त हुने।

-रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल) को मात्रा बढने,

-आँखा घाँटी र मुखमा अप्ठ्यारो महसुस हुने, हात काम्ने,

-पेटमा अम्लको मात्रा बढ्ने, छालाको तापक्रम घट्ने,

-मुटुको धड्कन बढ्ने,

जस्ता तत्कालीन असरहरु देखिन सक्ने भएकोले सुर्तीजन्य पदार्थ सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# भैरहवा भन्सारको राजस्व लगातार घट्दो

**अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्थाले आयातमा कमी हुँदै लक्ष्य पार गर्न नसकेको हो।**

**मोहम्मद हबिब**

*भैरहवा*



मुलुककै दोस्रो ठूलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले ३ वर्षदेखि राजस्व लक्ष्य पार गर्न सकेको छैन। २०७८ पुस ५ गतेबाट लागू भएको अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमी हुँदै आएको र हालसम्म पनि कार्यालयले विभागबाट पाएको लक्ष्य पार गर्न नसकेको हो।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८०/०८१ का लागि एक खर्ब २७ अर्ब ८३ करोड ६६ लाख ७९ हजार राजस्व संकलन लक्ष्य दिएकोमा आर्थिक वर्ष २०८०-८१ मा ८० अर्ब ७२ करोड रुपैयाँ अर्थात् ६३ दशमलव २४ प्रतिशत राजस्व मात्रै संकलन गरेको हो। बेलहिया नाका हुँदै हुने आयात खुम्चिँदा भन्सारले राजस्व संकलन लक्ष्य भेट्टाउन नसकेको हो। भन्सारले गत आर्थिक वर्षमा तोकिएको भन्दा ३७ प्रतिशत कम राजस्व संकलन गरेको छ। भन्सार कार्यालयको तथ्याङ्कअनुसार २०७७/७८ पछि लक्ष्यअनुसारको राजस्व संकलन हुन सकेको छैन। वर्षेनी बजेटको आकार बढेकोले स्रोतको सुनिश्चितताका लागि भन्सारको लक्ष्य पनि बढ्ने गरेको छ। तर लक्ष्य थपिए पनि सो अनुसारको राजस्व संकलन भने हुन पाएको छैन।

कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा लक्ष्यभन्दा १३ प्रतिशत बढी राजस्व संकलन भए पनि त्यसयता यो अनुपात घट्दै गएको छ। आर्थिक वर्ष २०७८/०७९ मा लक्ष्यको ९१ प्रतिशत, २०७९/८० लक्ष्यको ४९ प्रतिशत र आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यको ६३ प्रतिशत मात्रै राजस्व संकलन भएको भन्सार कार्यालयका प्रमुख नारद गौतमले बताए। राजस्व संकलनमा योगदान दिने मुख्य वस्तुको आयात नै खुम्चिँदा पछिल्ला आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संलकन गर्न नसकेको भन्सार प्रमुख गौतमले जनाए। भन्सार विभागले लक्ष्य पार नभए पनि विगतको वर्षभन्दा बढी लक्ष्य कार्यालयलाई दिएको छ। कार्यालयले २०७८ मंसिरसम्म लक्ष्य अनुरूप सफलता हासिल गर्दै गए पनि पुस ५ गतेबाट लागू भएको प्रावधानले आयातमा कमि हुँदै आएको हो। पुष महिनायता हालसम्म लक्ष्य अनुरूपको सफलता हासिल गर्न सकेको छैन।

मधेश आन्दोलन र नाकाबन्दीका बेला सहज मानिएको यो भन्सार नाका राज्यको लागि ठूलो योग्दान गरेको थियो। विस्तारै अन्य नाका सहज हुँदा सामानहरू पनि डाइभर्ट भएको छ। राजस्वमा मुख्य योगदान दिने बस्तु आयात घट्दा राजस्व लक्ष्य प्रभावित भएको छ, गाडी, मोटरसाइकल, डिजल, पेट्रोल, औद्योगिक कच्चापदार्थहरूको आयातमा पनि कमी आएको छ, यस्तै विभिन्न राजस्व छुट, चोरीतस्करी, भारतीय अवरोध तथा नीतिगत फेरबदल, बुटवल-नारायणगढ सडकको कठिनाइको कारण अन्य नाकाबाट काम गर्न आयातकर्ता बध्य भएको प्रमुख गौतमले जानकारी दिए।

भैरहवा भन्सार कार्यालयकाअनुसार आर्थिक वर्ष २०७९-८० मा २४ खर्ब ४६ अर्ब ४० करोडको सामान आयात भएकोमा १ खर्ब ९ अर्ब ६० करोड मुल्य बराबरको निर्यात भएको थियो भने व्यापार घाटा २३ खर्ब ३६ अर्ब ६८ करोड भएकोमा आर्थिक वर्ष २०८०-८१ को जेठ मसान्तसम्म २२ खर्ब ११ अर्ब ४० करोडको सामान आयत भएकोमा १ खर्ब ३१ अर्ब ७० करोड मूल्य बराबरको निर्यात भएको छ, जसबाट व्यापार घाटा २० खर्ब ७९ अर्ब ७० करोड भएको छ। भैरहवा भन्सार कार्यालय निर्यात लक्षित भन्सार नरहेको कारण यहाँबाट न्यून रूपमा निर्यात हुने गरेको छ। गत वर्षभन्दा अहिले निर्यातमा भने वृद्धि भएको भन्सार प्रमुख गौतमले बताए। यहाँबाट निर्यात हुनेमा सेन्थेटिक यार्न, सिमेन्ट, सिमेन्ट किलिन्कर, पिना, रेजीन, चाउचाउ, नुडल्स, पास्ता, प्लाइउड र जडीबुटी रहेको छ।

कार्यालयका अनुसार यस नाकाबाट भित्रिने बस्तुमध्ये सबैभन्दा बढी राजस्व मोटरसाइकल, जीप, कार र भ्यानबाट राजस्व संकलन भएको छ। यस्तै पेट्रोल, पिकअप तथा डेलिभरि भ्यान, ग्लेज टाइल, इलेक्ट्रिक कार, जीप, भ्यान, मोबाइल फोन, एलपी ग्यास, एम.एस. विलेट र हाइस्पीड डिजेललगायतका १० बस्तुबाट बढी राजस्व उठेको छ। लक्ष्य यहाँसम्म पुऱ्याउनमा यी बस्तुहरूको मुख्य योगदान छ। लक्ष्य पार गर्नमा मुख्यतया मार्बल र ग्रेनाइटको भूमिका बढी हुन्छ, तर ती बस्तुमा ३ वटा वर्गमा भन्सार हुने गरेकोमा यो नाकाबाट नभइ अन्य नाकाबाट गएको हुन सक्ने अनुमान छ। ग्रेनाइटको हकमा सिंगै ल्याए २३ प्रतिशत, केही काटेर ल्याए ३३ प्रतिशत र तयारी अवस्थामा ल्याए ६० प्रतिशत भन्सार लाग्ने प्रावधान छ।

» बाँकी ३ पेजमा

# 'कांग्रेस-एमालेले सात बुँदे सहमति किन लुकाए ?'



**लुम्बिनी संवाददाता**

*बुटवल*

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले कांग्रेस र एमालेले गरेको भनिएको सात बुँदे सहमति अहिलेसम्म किन सार्वजनिक नगरेको भनेर प्रश्न गरेका छन्।

शनिबार बुटवलमा प्रगतिशील पत्रकार संघले गरेको पत्रकार भेटघाटमा केसीले सहमति लुकाउनुले धेरै प्रश्नहरू उब्जिएको बताए। 'रातारात गरेको सात बुँदेमा के छ ? जनता र राष्ट्रको हितमा भएको भए किन लुकाइरहेका छन् ?,' केसीले भने-'सार्वजनिक नगर्नुपर्ने के कारण हो, यसरी लुकाएर हुँदैन।' केसीले विगतमा जस्तै प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेर मुलुकलाई फेरि प्रतिगमनमा लैजानसक्ने पनि आशंका गरे। 'ओलीले विगतमा अदालतले गलत ठहर गरेर फैसला गर्दा पनि दुई पटकसम्म संसद विघटन गरेका थिए, त्यो कुरा गल्ती हो भनेर अहिलेसम्म स्वीकारेका छैनन्,' केसीले भने-'फेरि पनि संसद भत्काउने र मुलुक प्रतिगमनतिर जाने डर छ।'

अध्यक्ष केसीले सबै मिलेर प्रतिगमन रोक्नुपर्ने बताए। कांग्रेस र एमालेले स्थिरताका लागि नयाँ सरकार बनाएको भने पनि सरकार कति दिन टिक्छ भन्ने यकिन नभएको तर्क उनले गरे। कांग्रेस र एमालेले स्थायित्व चाहेको भए २०७९ को चुनावको नतिजा आए लगत्तै सोचेर सरकार बनाएको भए हुने, तर नबनाएको स्मरण उनले गराए।

संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीको नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा मुद्दा समेत परेकाले सर्वोच्चले के फैसला गर्ने हो, त्यो पनि महत्वपूर्ण हुने उनले बताए।

विगतमा एमाले अध्यक्ष ओलीले प्रचण्डलाई स्वर्ग गए पनि सँगै, नर्क गए पनि सँगै जाने हो, गठबन्धन २०८४ सम्म जान्छ भनेको उल्लेख गर्दै केसीले नयाँ गठबन्धनले स्थिरता दिन्छ भनेर पत्याउन नसकिने बताए।

» बाँकी ३ पेजमा

# अन्तर्राष्ट्रिय भलिबलमा नेपाल विजयी

» समाचार ४ पेजमा

# त्रिशुलीमा बेपत्ता यात्रु खोज्न आयो भारतीय टोली



**लुम्बिनी संवाददाता**

*भैरहवा*

गत शुक्रबार चितवनको सिमलतालमा गएको पहिरोबाट बेपत्ता भएको दुई वटा बस र यात्रुको खोजीका लागि भारतीय नेसनल डिजास्टर रेस्पोन्स फोर्स (एनडीआरएफ) को १२ सदस्यीय टोली खोजतलासका लागि घटनास्थल पुगेको छ। शुक्रबार मध्यरातमा रूपन्देहीको बेलहिया नाका हुँदै नेपाल आएको टोली उद्धारमा चाहिने उपकरणसहित आएका छन्।

त्रिशुली नदीमा खसेका बस र यात्रुको खोजी र उद्धार गर्नका लागि ४ वटा गाडीसहित राष्ट्रिय विपद् प्रतिकार्य फोर्स भारतका डेपुटी कमान्डेन्ट कुनाल तिवारीसहितको टोली नेपाल आएको हो। गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयको समन्वयमा भारतका ती टोली राती १२ बजे बेलहिया नाका हुँदै नेपाल आएको हो, सशस्त्र प्रहरी बल, २७ नम्बर गण हेडक्वार्टरले उनीहरूलाई स्वागत गरी भैरहवामा राखेको थियो। उनीहरू राती भैरहवामा बास बसी बिहानै चितवनतर्फ प्रस्थान गरेका थिए। सशस्त्र प्रहरी, इलाका प्रहरी कार्यालय बेलहिया, भन्सार कार्यालय, अन्नपूर्ण टर्मिनल, अध्यागमन कार्यालयको समन्वयमा मध्यरातमै ती गाडीसहितको टोलीलाई स्वागत गरिएको थियो।

खोजतलासमा परिचालन हुनुअघि भारतीय टोलीले जिल्ला प्रशासन कार्यालय चितवनमा प्रमुख जिल्ला अधिकारीसहित यहाँका सुरक्षा निकायका अधिकारीहरूसँग छलफल गरेको छ। छलफलपछि प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले टोलीमा रहेका १२ जनामध्ये चार जना गोताखोर रहेको बताए। टोलीले विपद् व्यवस्थापन शिक्षालय कुरिनटारका उद्धारमा खटिएकासँग छलफल गरेपछि काम सुरु गरेको उनले बताए।

» बाँकी ३ पेजमा

# लुम्बिनीका मुख्यमन्त्रीले आज विश्वासको मत लिने



**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले आज आइतबार विश्वासको मत लिने भएका छन्। यसअघि नै प्रदेशसभाको बैठक आइतबार १ बजेलाई बोलाइएको थियो। चौथो अधिवेशनको २४औं उक्त बैठकको कार्यसूचीमा मुख्यमन्त्री महराले विश्वासको मत लिने कार्यसूची पनि थप्न आग्रह गरेको मुख्यमन्त्रीका प्रेस सल्लाहकार कमल रायमाझीले जानकारी दिए। प्रदेशसभा सचिव दुर्लभकुमार पुनका अनुसार मुख्यमन्त्री महराले बैठकमा विश्वासको मतसम्बन्धी प्रस्ताव पेश गर्ने र सो प्रस्तावमाथि छलफल भइ उठेका प्रश्नहरूको जवाफ दिने सम्भावित कार्यसूची रहेको छ।

यस्तै बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट मौजुदा मन्त्रिपरिषद्मा कार्यविभाजन गरी पुनर्गठन गरिएको पत्र सभामुखले पढेर सुनाउने कार्यसूची छ। केन्द्रमा कांग्रेस-एमाले सत्ता सहकार्य भएपछि लुम्बिनी प्रदेश सरकारमा सहभागी एमालेका पाँच जना मन्त्रीले असार २० गते राजीनामा दिनुका साथै समर्थन फिर्ता लिएका थिए।

सरकारलाई दिएको समर्थन फिर्तापछि मुख्यमन्त्री महराको सरकार अल्पमतमा परेको छ। सत्ता साझेदार दलले समर्थन फिर्ता लिएपछि ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिने वा राजीनामा दिनुपर्ने हुन्छ। माओवादी संसदीय दलका नेता महरा एमालेका २९, माओवादी १०, नागरिक उन्मुक्ति पार्टीका ४, जसपा ३, नेकपा एकीकृत समाजवादी एक र स्वतन्त्र सांसद खड्ग बस्नेत गरी ४८ जनाको समर्थनमा चैत २३ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए। अहिले मुख्यमन्त्रीसँग माओवादीका १०, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका एक/एक गरी १२ जनाको मात्रै समर्थन रहेको देखिन्छ।

कांग्रेस र एमालेबीच लुम्बिनीको नेतृत्व पहिलोचरणमा एमालेले गर्ने सहमति भएको भनिएको छ। तर कांग्रेस नेताहरूले त्यो अन्तिम सहमति नभएको बताउँदै आएका छन्।

कांग्रेसबाट पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले पनि सरकारको नेतृत्व पाउन लबिङ गरिरहेका छन्। तर एमाले प्रमुख सचेतक तुल्सी चौधरीले नेतृत्व एमालेले नै पाउने बताए।

एमालेले पाएमा संसदीय दलका नेता लिला गिरी मुख्यमन्त्री बन्ने छन्।




# सम्पादकीय

## चर्को पार्किङ शुल्क

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सवारीसाधन पार्किङ गरेबापतको शुल्क अत्याधिक वृद्धि भएपछि चौतर्फी आलोचना हुनु स्वाभाविक छ। पहिले मोटरसाइकलको पाँच रुपैयाँ, कारजीपको १० रुपैयाँ र बस ट्रकको ४० रुपैयाँ शुल्क लाग्थ्यो, अहिले प्रतिघण्टाको हिसाबले मोटरसाइकलको ३० रुपैयाँ, कारजीपको ६० रुपैयाँ र बस ट्रकको १ सय २० रुपैयाँ तिर्नुपर्छ। विमानस्थल प्रशासनकाअनुसार अन्तर्राष्ट्रिय विमानस्थलको मापदण्डअनुसार पार्किङ शुल्क बढाइएको हो।

गौतमबुद्ध विमानस्थल अन्तर्राष्ट्रिय मापदण्डको विमानस्थल हो, तर अहिले आन्तरिक बाहेक अरु उडान हुन्न। आन्तरिक उडानमा सीमित विमानस्थलको पार्किङ शुल्कमा भएको भारीवृद्धि नाजायज छ। वृद्धि गर्नुपहिले विमानस्थल आन्तरिकमै सीमित भएको हेक्का नहुनु विमानस्थल प्रशासनको गैरजिम्मेवारीपन हो। विमानस्थल पार्किङ शुल्कका लागि भैरहवाको इब्राहिम कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालिले वार्षिक २४ लाख ८२ हजार ५ सयमा सम्झौता गरेको छ। यो विगतको तुलनामा तीन गुणा बढी हो।

विमानस्थलको सञ्चालन हुन नसकिरहेको बेला चौतर्फी निराशा छ। विमानस्थल चल्ने आशाले होटललगायतमा भएको ठूलो लगानी जोखिममा छ। सरकारले विमानस्थल पूर्णरुपमा चलाउन सक्दा मात्रै समाजको निराशा आशामा बदलिने हो। विमानस्थल सञ्चालन नभएपछि व्यवसायी मारमा परेकै छन्। अझ विमानस्थल पुग्ने सर्वसाधारणले चर्को शुल्क तिर्नुपर्ने अवस्थाले समाजमा आक्रोश बढाउने छ नै, सरकारी निकायले कतिपय निर्णय गर्दा प्रक्रियागत ढंगले अघि बढेर मात्रै हुँदैन। समाजको मनोविज्ञानको पनि ख्याल गर्नुपर्छ। विमानस्थल अन्तर्राष्ट्रिय हो, तर अन्तर्राष्ट्रिय उडान नभएको अवस्थामा आन्तरिककै पार्किङ शुल्क बनाउनु उत्तम हो। अन्तर्राष्ट्रिय उडानहरु हुन थालेपछि पार्किङ शुल्क वृद्धि स्वाभाविक हुन्छ। तसर्थ, चर्को पार्किङ शुल्कमा पुनः विचार हुनुपर्छ।

# इलाका प्रशासन कार्यालय पुन:स्थापना

खजुरा (बाँके)। तत्कालीन सशस्त्र द्वन्द्वका कारण विस्थापित भएको बाँकेको दुर्गम क्षेत्र नरैनापुरमा इलाका प्रशासन कार्यालय २१ वर्षपछि पुनःस्थापना भएको छ। गाउँपालिकामा इलाका प्रशासन कार्यालय स्थापना भएपछि स-साना प्रशासनिक कामका लागि ४५ किलोमिटर टाढा नेपालगञ्ज जानुपर्ने सो क्षेत्रका बासिन्दाको बाध्यता अन्त्य भएको हो।

लुम्बिनी प्रदेश सरकारका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कृष्णा केसीले इलाका प्रशासन कार्यालयको नरैनापुरमा उद्घाटन गरेसँगै कार्यालयले सेवा दिन सुरु गरिसकेको नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले जानकारी दिए। उनका अनुसार २१ वर्षदेखि नेपालगञ्जस्थित जिल्ला प्रशासन कार्यालय परिसरबाट सञ्चालन हुँदै आएको सेवा अब स्थानीयस्तरबाट सुरु भएको छ। "इलाका प्रशासन स्थापना भएपछि विस्थापित नहुने गरी योजना बनाउन गृह प्रशासनसँग आग्रह गरेका छौँ, अब यो कार्यालय सधैँ यही सञ्चालन हुनेछ।"-उनले भने।

गृह मन्त्रालयसँगको लामो छलफलपछि दरबन्दी स्वीकृत भएको प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बताए। दरबन्दी स्वीकृत भएसँगै गाउँपालिकाले कृषि शाखाको भवन उपलब्ध गराएपछि इलाका प्रशासन कार्यालय स्थानान्तरण गरिएको जानकारी उनले दिए।

सशस्त्र द्वन्द्वकालको समयमा शान्ति, सुरक्षाको कारण देखाउँदै इलाका प्रशासन कार्यालय नरैनापुरलाई नेपालगञ्ज सारिएको थियो। शान्ति सम्झौता भएको दुई दशक बितिसक्दा पनि उक्त कार्यालय यहाँ स्थानान्तरण हुन सकेको थिएन्। उक्त कार्यालयमा हाल प्रशासकीय अधिकृत माधव सिंहको नेतृत्वमा तीनजना नायब सुब्बा र एकजना कम्प्युटर अपरेटरसहित दुईजना कार्यालय सहयोगीलाई पठाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। रासस

# कमरेड पुष्पलाल र नेपाल कम्युनिष्ट पार्टीको उत्कर्ष



झपेन्द्र जिसी

(विश्व सर्वहारा आन्दोलनका प्रणेनेता कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले सन् १८४८ मा विश्व प्रसिद्ध कम्युनिष्ट घोषणापत्र जारी गर्नुभयो। सो घोषणापत्र जारी भएपछि दर्शनका क्षेत्रमा, राजनीतिक क्षेत्रमा र सामाजिक रूपान्तरणका क्षेत्रमा ठूलो हलचल आयो। यसरी मार्क्स एंगेल्स र सो घोषणापत्र युगान्तकारी भए। त्यसरी नै मार्क्स एंगेल्सको द्वन्द्वात्मक भौतिकवाद, अर्थशास्त्र र समाजवादी चिन्तनबाट अविप्रेरित भई कमरेड पुष्पलालको अगुवाइमा २२ अप्रिल १९४९ मा कलकत्ता श्याम बजारस्थित नविन सरकार लेन २८ स्थित रतनलालको घरमा पुष्पलाल महासचिव र सदस्यहरू मोतीदेवी श्रेष्ठ, निरंजन गोविन्द बैद्य, नरबहादुर कर्माचार्यसमेत ६ जना रहेको कमिटी गठन भयो। यसले नेपालको सामाजिक रूपान्तरणका लागि सामन्तवाद, दलाल, नोकरशाही, पुँजीवाद, जहाँनियाँ राणातन्त्रको अन्त्य र अध्ययन अनुन्धानमा नविनतासमेत ल्यायो। यो पनि नेपालको सम्बन्धमा हलचल नै थियो।

आज हाम्रो देश नेपालमा ८० प्रतिशतभन्दा बढी जनताको समर्थन प्राप्त दुई तिहाइ बहुमतको सङ्घीय सरकार, एउटा प्रदेश बाहेक ६ वटा प्रदेशमा प्रदेश सरकार, ७५३+७७ स्थानीय सरकारमध्ये बहुसङ्ख्यक जिल्ला, नगरपालिका र गाउँपालिकाहरूमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले सरकारहरू हाँकिरहेको छ भन्न पाउँदा गौरवको अनुभूति हुन्छ। समृद्ध नेपाल र सुखी नेपाली जनता बनाउने उद्घोषका साथ समाजवादी लक्ष्यप्रति प्रतिबद्ध गौरवशाली नेपाल कम्युनिष्ट पार्टीको स्थापना भने २२ अप्रिल १९४९ (२००६ बैशाख ९ गते) नेपाल भूमिदेखि धेरै पर कलकत्ताको श्याम बजार नवीन सरकार लेन २८ मा अवस्थित पाल्पा अर्गलीबाट बसाइसराइँ गरी पश्चिम बंगाल पुगेका रतनलाल ब्राह्मणको घरमा गुप्त रूपमा गर्नु परेको थियो। निरङ्कुश राणा पारिवारिकतन्त्र र राजतन्त्र समेतको अन्त्य गरी नेपालमा समाजवादी व्यवस्था स्थापना गर्ने महत्तम लक्ष्यका साथ नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्न अगुवाइ गर्ने ती महान् व्यक्तित्व हुनु हुन्थ्यो महासचिव कमरेड पुष्पलाल र सदस्य कमरेडहरू नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायण विलाश जोशी र मोतीदेवी श्रेष्ठ (दुर्गादेवी) अफसोस! संस्थापक कमरेडहरू यस धर्तीबाट महाप्रस्थान गरिसक्नु भएको छ, तर उहाँहरूले स्थापना गर्नु भएको नेकपा र अगाडि सार्नु भएको क्रान्तिकारी विचार, सिद्धान्त र सङ्गठन हामीसँग विराशतका रूपमा रहेका छन्। ती महान् व्यक्तित्वहरूमध्ये पार्टी स्थापना र विचार, सिद्धान्त निर्माणमा प्रमुख अगुवाइ गर्ने महासचिव कमरेड पुष्पलालको देहावसान (२०३५ साउन ७ गते) भएको पनि ४० वर्ष भैसकेको छ। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक, सिद्धान्तकार एवम् नेपाली समाजका मार्क्सवादी अध्ययेता कमरेड पुष्पलालका साथसाथै सबै संस्थापक कमरेडहरूप्रति हार्दिक सम्मानका साथ श्रद्धाञ्जली अर्पण गर्दछु।

***कमरेड पुष्पलालको सङ्क्षिप्त जीवनी र राजनीतिक विकासको क्रम :***

बाबु भक्तलाल श्रेष्ठ र आमा तुलसी माया श्रेष्ठको कोखबाट (बाबुको जागिरको सिलसिलामा) रामेछाप भँगेरीमा रहेको बेला वि.सं. १९८१ साल आषाढ १५ गते पुष्पलालको जन्म भएको हो। दरबार हाइस्कुलबाट मेट्रिक पास गरेपछि बनारसको हरिशचन्द्र कलेजमा उच्च शिक्षाका लागि भर्ना भए पनि राजनीतिक व्यस्तताका कारण उहाँले कलेजको अध्ययनलाई निरन्तरता दिन सक्नु भएन। अत्यन्त मेधावी पुष्पलालले स्वअध्ययनबाट राजनीति, अर्थशास्त्र, मार्क्सवाद विश्व इतिहास र नेपाली समाजको गहिरो अध्ययन गरेर आफूलाई मार्क्सवादको मात्र नभई बहुविषयका ज्ञाता र विश्लेषक र उच्च कोटिको विद्वानको श्रेणीमा स्थापित गर्न सफल हुनु भएको पाइन्छ। नेपाली क्रान्तिका सिद्धान्तकार, नेपाल कम्युनिष्ट पार्टीका संस्थापक क. पुष्पलाल एउटा कुशल लेखक, अनुसन्धाता र सबै खाले निरङ्कुशताहरू सामन्तवाद, साम्राज्यवाद, दलाल नोकरशाही पुँजीवाद, रङ्ग भेदभाद, जातीय विभेद र लैङ्गिक विभेदका विरुद्ध प्रखर प्रवक्ता र इतिहास पुरूषका रूपमा चिनिनु हुन्छ। १९९३ साल जेठ २० गते टङ्कप्रसाद आचार्यको नेतृत्वमा स्थापित र सञ्चालित नेपाल प्रजा परिषद्ले जहाँनियाँ राणातन्त्रका विरुद्ध प्रचार अभियान थालेपछि १९९७ सालमा शासक वर्गले आफ्ना दाजु गंगालाल श्रेष्ठसहित शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्द्र समेतलाई फाँसीमा लट्काएर तथा गोली ठोकेर हत्या गरेपछि दाजुको रगतले स्वभावैले उहाँलाई राजनीतिमा संलग्न हुन प्रेरित गऱ्यो। फलतः प्रेमबहादुर कंसाकार, सूर्यबहादुर भारद्वाज, शम्भुराम श्रेष्ठ, पुष्पलाल समेतले एउटा दल गठन गर्नु भयो। त्यो दलको नाम थियो, प्रजातन्त्र संघ। महाकवि लक्ष्मीप्रसाद देवकोटा लिखित पहाडी पुकारको गीतको देहायको अंशलाई परेड गीत बनाइयो :

"पहाड पर्व खोला नाला जग्गा जमिन सबको
मालिक हामी दास बनौँ किन ?
हिस्सा सबमा सबको
नाश गरौँ यो राणा शाही
ध्वस्त गरौँ यो तानाशाही
जाऔं क्रान्ति गरौँ अब क्रान्ति गरौँ।

आपसमा सम्बोधन गर्दा कमरेड र अभिवादन गर्दा लालसलाम पनि तदुपरान्त सुरु भयो। राणाशाही आन्दोलनका विरोधी मार्क्सवादी साहित्य समेतको अध्ययन सुरु गरेका पुष्पलाल पश्चिम बंगालका रतनलाल ब्राह्मण, गणेशलाल सुब्बा र सुशील चटर्जी जस्ता कम्युनिष्ट नेताहरूको सम्पर्कबाट कम्युनिष्ट बन्न प्रेरित भएको पाइन्छ। समयको गतिसँगै २५ जनवरी १९४७ मा कलकत्तामा नेपाली राष्ट्रिय कांग्रेसको जन्म भएपछि त्यसले राणाशाही विरोधी आन्दोलन गर्ने घोषणा गरेपछि २००४ (१९४७) मा विराटनगरमा मजदुर हड्ताल हुन्छ, जसमा मनमोहन, विश्वेश्वर कोइराला, गिरीजाप्रसाद कोइराला, बालचन्द्र शर्मालगायत गिरफ्तार हुन्छन्। यसै सिलसिलामा राजबन्दीहरूलाई रिहा गर र राणाशाही मुर्दाको नाराका साथ काठमाडौं उपत्यकाका तिनै जिल्लामा १३ अप्रिल १९४७ (२००४) मा भएको आन्दोलनमा पुष्पलाल, हिकमत सिंह, शम्भुराम, नारायण विलाश, नरबहादुर कर्माचार्य, देवेन्द्रलाल, तिलक शाही, स्नेहलता कनकलता, साधनाप्रधान, सहानाप्रधान आदि २७ जनाले अगुवाइ गरेका पाइन्छ। नेपालमा कम्युनिष्ट पार्टीको जन्म भएको थिएन। त्यसैले कम्युनिष्ट मनधारीहरू (पुष्पलालको भाषामा) नेपाली राष्ट्रिय कांग्रेसमा सम्मिलित भइ काम गर्दै थिए। नेपाल राष्ट्रिय कांग्रेसको दोस्रो महाधिवेशनले सभापतिमा दिल्लीरमण रेग्मी महामन्त्रीमा प्रेमबहादुर कंसाकार र मन्त्री कार्यालय सचिवमा पुष्पलाललाई निर्वाचन गरेको थियो। यतिञ्जेल पुष्पलालले मार्क्स एङ्गलेसद्वारा प्रतिपादित विश्व कम्युनिष्ट घोषणा पत्र नेपालीमा अनुवाद गरिसक्नु भएको थियो। एकदिन राममनोहर लोहियासँग भेट हुँदा भारतमा पार्टीहरू पनि धेरै छन्, र नेताहरू पनि धेरै हुन्, तर गान्धी सर्वमान्य नेता हुन्, त्यस्तै नेपालमा पनि बी.पी. लाई सर्वमान्य नेताको रूपमा स्वीकार्नु पर्छ भनेछन्। त्यसको प्रत्युत्तरमा पुष्पलालले "नेता प्रधान नभइ नीति प्रधान हुनुपर्छ" भन्ने मान्यतालाई अगाडि बढाएका हुन्। यसरी नै मन्त्रीको हैसियतले "नागरिक तथा राजनीतिक" विषयक विचार गोष्ठीमा जानु पर्ने थियो। पुष्पलालले पार्टीका नेता दिल्लीरमण रेग्मीसँग यस विषयमा कसरी बोल्ने के बोल्ने भनेर सोधनी गर्दा रेग्मीजीले भनेछन्-त्यो बुझ्नका लागि ठूलो दिमाग चाहिन्छ बी.ए. एम. ए. हुनुपर्छ। तदुपरान्त पुष्पलालले वर्गीय समाजमा वर्ग पक्षधर पार्टी चाहिन्छ, सिद्धान्त चाहिन्छ। पुँजीवादी पार्टी र पुँजीवादी नेताहरूबाट गरिब मजदुर किसान सर्वहारा सुकुम्बासी, मध्यम वर्गीय समुदाय, देशभक्तहरूको हित हुन सक्दैन। उनीहरूबाट नेपाली जनताको मुक्ति सम्भव छैन भन्ने निचोडमा पुगेको आफैँले लेख्नु भएको छ। यसरी नै उहाँ भन्नुहुन्छ-रेग्मीसँग मैले राखेको प्रश्नको उत्तर के हो ? नागरिक अधिकार र के हो राजनीतिक अधिकार ? भन्ने विषयमा "कम्युनिष्ट घोषणा पत्र" र लेनिनको "गाउँका गरिब किसान"बाट प्रष्ट भएँ।

उहाँ भन्नुहुन्छ -"अहिले सबैले बुझ्नुपर्ने मुख्य कुरा यही हो कि नेता प्रधान नभइ नीति प्रधान हुन्छ र पैसा प्रधान नभइ राजनीतिक नै हमेशा प्रधान हुन्छ।" विश्वेश्वर तथा रेग्मीले आफ्नो वर्गीय राजनीतिक स्वार्थ सिद्धिका लागि गरेका कामको सम्बन्धमा पुष्पलालको भनाइ छ- "विश्वेश्वरले के भने र रेग्मीले के भन्दैछन् मेरा लागि महत्वको विषय होइन सबभन्दा महत्वको कुरा त के हो भने देशका पुँजीवादी वर्गका नेताहरू सर्वहारा वर्गीय राजनीतिक खेल खेल्न असमर्थ छन् र जातीय तथा साम्प्रदायिक कुटनैतिक तथा दबाबको मात्र राजनीति खेल्न सक्दछन्।" यिनै निष्कर्षका साथ राजनीतिका यात्रामा अघि बढेका पुष्पलालले नेकपाको स्थापना, नेपाली समाजको वर्गीय चरित्र, नेपाली राष्ट्रले बेहोर्ने परेको अर्द्ध सामन्ती र अर्धऔनिवेशिक अवस्था, नेपाली समाजको प्रधान अन्तविरोध, नेपाली जनताको प्रधान दुश्मन राणातन्त्र तथा राजतन्त्र, ती सबैलाई आड भरोसा दिने साम्राज्यवादी तथा विदेशी शक्तिहरू ती सबैको समूल अन्त्य गरी र नयाँ जनवादी क्रान्तिको आवश्यकता, महत्व र नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न आवश्यक पर्ने रणनीति र कार्यनीतिहरूका बारेमा आफ्ना दस्ताबेजहरूमार्फत् प्रष्ट पार्नु भएको छ।

नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक र आदि सिद्धान्तकार कमरेड पुष्पलाल एक अमर व्यक्तित्वका रूपमा रहनु भएको छ। २०१० सालमा सहाना प्रधानसँग वैवाहिक सम्बन्धमा बाँधिएका पुष्पलाल एक छोरा प्रकाश मात्र भएको पाइन्छ। उहाँको निजी पारिवारिक जीवन रहेन। अविश्रान्त योद्धा पुष्पलालको जीवन सधैँ सार्वजनिक र राजनीतिक रहेको हुँदा जन्मदेखि मृत्यु पर्यन्त झण्डै ५४ वर्ष २२ दिनको सिङ्गो जीवन नै उहाँको राजनीतिक जीवन हो। निर्वासित भूमिगत र कष्टकर जीवन संघर्ष गरेका पुष्पलालको अन्तिम लक्ष्य राजतन्त्रको अन्त्य र जनवादी गणतन्त्र (लोकतान्त्रिक गणतन्त्र)को स्थापना र नेपाली जनताको मुक्ति र राष्ट्रिय स्वाधीनता नै हो भनेर बुझ्दा राम्रो होला।

४. नेपाली कम्युनिष्ट आन्दोलनमा पुष्पलालको योगदान

४.१ नेपाल कम्युनिष्ट पार्टी स्थापनाको प्रेरम तत्वहरू

- साम्राज्यवाद विस्तारवाद, प्रभुत्ववाद, रङ्ग भेदवाद विरोधी आन्दोलन विश्वव्यापी रूपमा उठ्नु
- ब्रिटिस साम्राज्यवाद विरुद्ध विश्वव्यापी विद्रोह सुरु हुनु
- अक्टोबर सोवियत समाजवादी क्रान्तिले विश्वव्यापी रूपमा सशक्त प्रभाव पार्नु
- भारतीय कम्युनिष्ट पार्टीहरू र तिनका नेताहरूको प्रभाव नेपाली युवाहरू पुष्पलाल आदिमा गहिरोसँग पर्नु।
- चिनियाँ जनवादी क्रान्तिको प्रभाव पर्नु।
- ब्रिटिस औपनिवेशिक शासन भारतमा डगमग हुँदा राणा शासकहरू पनि क्रमशः कमजोर हुँदै जानु
- भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरूले मार्क्सवादी अध्ययन मण्डल गठन गरी अध्ययनमा जुट्नु
- १९९७ सालको सहिद काण्डले नेपाली युवाहरू विशेष गरी पुष्पलाल, मनमोहन शम्भुराम आदिलाई प्रभावित पार्नु
- पुँजीवादी सुधारवादी नेपाली कांग्रेसका नेताहरूले क्रान्तिका सम्बन्धमा गरेका र भनेका विश्लेषणहरू यथास्थितिवादका पक्षधर हुनु
- पुष्पलालद्वारा विश्व कम्युनिष्ट घोषणा पत्र नेपाली भाषामा अनुवाद र प्रकाशित हुनु
- युवाहरू मार्क्सवाद लेनिनवादतर्फ आकर्षित हुनु।
- असङ्गठित कम्युनिष्ट मनधारीहरूलाई सङ्गठित गर्न नेकपाको आवश्यकता महशुस हुनु।
- इण्डिया, ब्रिटिस सेनामा कार्यरत नेपालीहरू क्रान्तितर्फ आकर्षित हुनु।

४.२ नेपाल कम्युनिष्ट पार्टीको स्थापना

लेनिन दिवसको अवसर पारेर २२ अप्रिल १९४९ (२००६ बैशाख ९)मा नेकपाको स्थापना भयो। पार्टी स्थापनाको पूर्व सन्ध्यतामा भारतीय मार्क्सवादी पार्टीका नेता नृपेन्द्र चक्रवर्तीसँग पनि सल्लाह भएको थियो। पार्टीका दस्ताबेज प्रकाशन गर्न केही रकम सापट माग्दा चक्रवर्तीले भनेका थिए हेर्नुहोस् पुष्पलाल जी केही हजार रुपैयाँ लिनु ठुलो कुरा होइन, हामीले सापट दिएको पैसा फिर्ता लिँदैनौ, तर नेपाली जनता तपाईंको पार्टीलाई हुर्काउन बढाउन सक्षम भने पार्टी स्थापनाको कुनै अर्थ छैन। पुष्पलालले आफ्नो पार्टी आफैँ नेपाली जनताको सहभागितामा सञ्चालन गर्ने गरी स्थापना गर्नु भएको प्रसङ्ग मननीय छ।

२२ अप्रिलमा गठित पार्टीको पर्चा २५ अप्रिल (२००६ बैशाख १२ गते पर्चा नं. १ (क) सङ्गठक समिति नेपाल कम्युनिष्ट पार्टीको पर्चा जस्तैको तस्तै(नेपाली राष्ट्रिय कांग्रेसलाई नेहरूले आफ्नो दलाल बनाउने निश्चय गरेको बुझिन्छ। यसकारण क्रान्तिको नेतृत्व गर्ने कम्युनिष्ट पार्टी नेपालमा देखा नपर्दै यी कांग्रेसीहरू तँछाडमछाड गर्दै कम्युनिष्टको डर देखाइ राणासँग सम्झौता गर्न अगाडि बढे। विश्वेश्वर कोइराला काठमाडौंमा गइ प्रधानमन्त्री मोहन शमशेरलाई यही बेहोरा बिन्ती चढाए। यस्तासँग एकदम सावधान ! याद गर ! सामन्तवादी समाज र शासन व्यवस्था नेपालमा रहेसम्म एकाध वकुल्ला भगते नेताहरू नेपालको शासनमा छानिएर जनताको दुःख कष्ट कम हुँदैन। यो त क्रान्तिकारी जनतालाई भूलमा पार्ने तरिका मात्र हो। अतएव हाम्रो नारा हुनुपर्छ(राणाहरूसँग सम्झौता होइन क्रान्ति ! क्रान्ति ! क्रान्ति !!!

क्रान्तिको उद्देश्य माथि प्रकाश पार्दै अपीलमा भनिएको छ(

'सामन्ती शासन व्यवस्थालाई चकानाचुर गर। विदेशी साम्राज्यवाद र भारतीय पुँजीवादको प्रभाव र घेरादेखि अलग होऊ। मजदुर किसानको शासन खडा गर। यस शासनमा धनी साम्राज्यवादी र प्रतिक्रियावादीका दलालहरू बाहेक सबै शोषित जनतालाई हिस्सा देऊ। सोभियत रूस, दक्षिण पूर्व युरोपका नव प्रजातन्त्रहरू र आजाद चीनसँग राजनीतिक सम्बन्ध खडा गर। समाजवादको लक्ष्य राखी शासन चलाऊ। यसैलाई नव प्रजातन्त्र (New Democracy) भन्दछन्। अतएव नव प्रजातन्त्र जिन्दावाद ! पुष्पलालद्वारा अग्रसरित क्रान्तिको कार्यक्रम र दिशा अत्यन्त स्पष्ट भएको यसरी पनि देखिन्छ। स्मरणीय छ २००७ सालको राणा शासन विरोधी आन्दोलनमा नेकपा नेपाली जनता क्रियाशील हुँदाहुँदै राजा, राणा र कांग्रेसका बीचमा सम्झौता भइ उनै राणा प्रधानमन्त्री मोहन शमशेरको नेतृत्वमा कांग्रेससहितको सरकार बन्यो। राणा शासन सत्ता त गयो तर क्रान्ति अधुरो रह्यो।

४.३ प्रथम सम्मेलन र पुष्पलाल

सन् १९५१ सेप्टेम्बर (२००८) मा प्रथम सम्मेलन कलकत्तामा भयो र सम्मेलनले सङ्ठनका क्षेत्रमा, र २००७ सालको अधुरो क्रान्ति पूरा गर्न देहाय बमोजिमको निर्णय गऱ्यो।

- कमरेडहरू मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शैलेन्द्र कुमार उपाध्याय, अयोध्या सिंह, हिकमत सिंह, डी.पी अधिकारीलगायतलाई केन्द्रीय समितिमा समावेश गरियो।
- कलकत्ताबाट नेकपाको कार्यालयलाई काठमाडौं सार्ने निर्णय भयो।
- राष्ट्रिय संयुक्त मोर्चा निर्माण गरी अधुरो क्रान्तिलाई पूरा गर्ने निर्णय भयो।
- सोही बमोजिम कमरेड पुष्पलालद्वारा १९५१ नोभेम्बरमा राष्ट्रिय संयुक्त मोर्चाको कार्यालय काठमाडौंमा उद्घाटन भयो। संयुक्त मोर्चामा नेकपा, नेपाल प्रजा परिषद्, अखिल नेपाल ट्रेड युनियन कांग्रेस, अखिल नेपाल महिला संघ अनेराविफे, नेपाल प्रगतिशील अध्ययन मण्डल, नेपाल प्रगतिशील लेखक सङ्घ नेपाली शान्ति समाज आदि थिए। पुष्पलालले मोर्चाको घोषणा पत्र तयार गर्नु भएको थियो, जसको सार यस्तो छ- 'हाम्रो संयुक्त मोर्चाको ध्येय नेपालमा मजदुर किसान, मध्यम वर्ग र राष्ट्रिय (जातीय) पूँजीपतिहरूलाई प्रतिनिधित्व गर्ने सच्चा जनवादी तन्त्रको पूर्णजनवादी सरकार कायम गर्नु हो।'
- यसरी नेतृत्व गर्दा गर्दै २००९ सालमा बसेको पोलिटव्युरो बैठकले क. पुष्पलाललाई हटाएर महासचिवमा क. मनमोहनलाई चयन गरे पनि वैचारिक नेतृत्व भने क. पुष्पलालले नै गर्नु भयो। स्मरणीय छ, राष्ट्रिय संयुक्त मोर्चाले जनआवाज बुलन्द गरेपछि २००८ साल माघ १० मा नेक. पार्टी माथि नेपाली कांग्रेसका मातृका सरकारले प्रतिबन्ध लगायो २०१४ साल बैशाख ४ सम्म नेकपा प्रतिबन्धित रह्यो।

यस बीचमा जनवर्गीय सङ्गठनहरू विशेष गरी अखिल नेपाल किसान संघको अगुवाइमा पार्टीका गतिविधिहरूलाई अगाडि बढाउँदै फटाहा विरोधी आन्दोलनहरू भए।

४.४ राष्ट्रिय महाधिवेशन र सम्मेलनहरूमा पुष्पलाल

२०१० मा प्रथम राष्ट्रिय महाधिवेशनमा महासचिव मनमोहन अधिकारीले प्रस्तुत गरेको वैधानिक राजतन्त्रको कार्यक्रमलाई पुष्पलालले विरोध गर्दै भन्नु भयो-'राजाले राणाशाहीबाट सत्ता आफ्नो हातमा लिनु राणा विरोधी आन्दोलनमा साथ दिएका हुन्, मजदूर किसान जनतालाई अधिकार हस्तान्तरण गर्न होइन।' महाधिवेशनले मनमोहनलाई महासचिवमा निर्वाचन गरे पनि मनमोहन स्वास्थ्य उपचार गर्न चीन गएपछि महासचिवको पद डा. केशरजङ्गले हात पारे। तदुपरान्त राजवादीको हात नेतृत्वमा माथि पऱ्यो।

४.५ २०१४ सालमा नेकपा को दोस्रो महाधिवेशन भयो। केशरजङ्ग रायमाझीद्वारा प्रस्तुत राजावादी नीति तथा कार्यक्रमका विरुद्ध क. पुष्पलालद्वारा प्रस्तुत नयाँ जनवादी कार्यक्रमलाई महाधिवेशनले पारित गऱ्यो। तर आफ्नो कार्यक्रम फेल भए पनि रायमाझी र रायमाझी पक्षकै नेतृत्वमा बहुमत हावी भयो। निर्वाचनद्वारा निर्मित संविधान सभाले संविधान निर्माण गर्ने भनेर राजा त्रिभुवनले २००७ सालमा घोषणा गरे पनि त्यो काम पूरा नभएकोले सबै पार्टीले भद्र अवज्ञा आन्दोलनमा भाग लिए तर राजा महेन्द्रले संसदको निर्वाचन गर्ने कार्ड फ्याँकेपछि नेकाले भद्र अवज्ञा आन्दोलनलाई स्थगित गरी निर्वाचन तिर लग्यो। राजाको ललिपपमा फसेको कांग्रेसको सम्झौता परस्त नीति र व्यवहारको पुष्पलालको अगुवाइमा विरोध भयो।

४.६ संसदीय निर्वाचन र पुष्पलाल :

नखाऊँ भने दिन भरिको सिकार खाऊँ त भने कान्छा बाउको अनुहार भनेझैं आफैँले संघर्ष गरेर ल्याएको एउटा अवसर भएकोले नेकपाले २०१५ सालको निर्वाचनमा सहभागी भयो। पुष्पलाल काठमाडौंबाट निर्वाचनमा झिनोमतले पराजित भए पनि पाल्पाबाट कमलराज रेग्मी पाटनबाट तुलसीलाई अमात्य रौतहटबाट २ जनासमेत गरी कम्युनिष्ट पार्टीका तर्फबाट ४ जना विजय भए। राजतन्त्रले संसदीय व्यवस्थाप्रति अशुभ संकेतहरू देखाउँदै थियो। देशव्यापी भ्रमण गरेर षड्यन्त्रको तानावाना बुनिरहेको राजाका गतिविधिप्रति सतर्क हुँदै राजनीतिक पार्टीहरू यसका विरुद्ध सर्तकताका साथ संघर्ष गर्न पुष्पलालले पार्टीको तर्फबाट गर्नु भएको अपिलमा भनिएको थियो, तर दुई तिहाइको दम्मले दङ्ग भएको कांग्रेसले वास्ता गरेन। फलतः२०१७ पौष १ गते राजाले संसद र सरकारको विघटन गर्दै दलहरू माथि प्रतिबन्ध लगाए। डा. केशर जङ्ग रायमाझीले राजाको कदमको स्वागत गरे। तर कमरेड पुष्पलालले विघटित संसदको पुनर्स्थापना र संसदको पुनः स्थापनाको संयुक्तमार्फत् विघटित राजन अधिकारको वहालीका निम्ति आन्दोलनको आह्वानका साथ शाही काण्डको विरोध गर्नुभयो।

» क्रमशः

# ‘पुष्पलालको विचार व्यवहारमा लागू भएन’




पाल्पा । पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल पाल्पाले शिक्षकसँग पुष्पलालको योगदानको परिचर्चा गरेको छ । प्रतिष्ठानले ४६औँ पुष्पलाल स्मृति दिवसको अवसरमा प्रतिष्ठानले पाल्पाली शिक्षकहरूसँग अन्तर्क्रिया गरेको हो ।

पुष्पलालको यही श्रावण ७ गते स्मृति दिवस परेको छ । पुष्पलालको जन्म १९८१ असार १५ र मृत्यु २०३५ श्रावण ७ गते भएको थियो ।

स्मृति दिवसको अवसरमा शिक्षक वक्ताहरूले देशलाई समाजवादतर्फ अघि बढाउन समाजवादी शिक्षा लागू गर्नुपर्ने बर्ता । उनीहरूले उत्पादन र श्रमसँग जोडिने शिक्षा नीति कार्यान्वयन नहुँदासम्म संविधानमा लेखेअनुसार देश समाजवादतर्फ जान कठिन रहेको वक्ताले जोड दिए ।

भाषणमा समाजवादी कुरा गर्ने सत्तामा पुगेपछि पुँजीपति वर्गको पछाडि दौडिने प्रवृत्ति नेपालका सबै कम्युनिष्ट नेताहरूमा रहेको शिक्षक वक्ताहरूले जोड दिए । पुष्पलालको नीति सिद्धान्तहरूलाई तिलाञ्जली दिएर पद, सत्ता र पैसाको लागि जस्तो सुकै गलत कामको लागि कम्युनिष्ट नेताहरू हाम फाल्ने प्रवृत्तिको अन्त्य भए मात्र पुष्पलालको सच्चा सम्मान ठहरिने शिक्षकहरूले बताएका थिए ।

नेपालमा बामपन्थी धारबाट पुष्पलाल र प्रजातान्त्रिक धारबाट बीपी कोइरालाले प्रतिपादन गरेको राजनीतिक सिद्धान्तलाई नेताहरूले चर्का चर्का भाषण गरे पनि व्यवहारमा कार्यान्वयन नगरेकोमा वक्ताहरूले जोड दिए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले पुष्पलालले सधैँ सत्ता, पैसा र परिवारवादभन्दा माथि उठेर काम गरे पनि वर्तमान नेताहरू पुष्पलालको नीति सिद्धान्त विपरीत सत्तामा मात्र ध्यान दिएको उनीहरूले बताए ।

प्रतिष्ठानका संरक्षक अशोककुमार शाहीले पुष्पलालले गरेका काम, विचार, सिद्धान्त, दर्शनहरू समाजका विभिन्न पक्षहरूबाट जनतासम्म लैजानु पर्नेमा जोड दिए । पुष्पलालको विचारअनुसार नेपालमा परिवर्तन हुन नसकेको प्रतिष्ठानका संरक्षक शाहीले बताए ।

कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय सदस्य रामप्रसाद ढकाल, प्रगतिशिल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय सचिव अच्युतराज नेपाल, नेपाल शिक्षक महासंघ पाल्पाका सह-अध्यक्ष दिपक पौडेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला अध्यक्ष मोहन सापकोटा, जनता माविका प्रधानाध्यापक हरिप्रसाद घिमिरे, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य मिलन विश्वकर्मा र शिक्षक तिर्थ गौतमलगायतले पुष्पलालको विचार, दर्शन, नीति र सिद्धान्तको बारेमा चर्चा गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका सदस्य सन्तोष खनालले पुष्पलालको राजनीतिक यात्रा, पुष्पलालको योगदान, राणा शासन तथा पञ्चायत विरोधी आन्दोलनमा खेलेको भूमिकाका विषयमा जानकारी गराएका थिए ।

प्रतिष्ठानका अध्यक्ष गोविन्द भट्टराईको अध्यक्षता, प्रतिष्ठानका सदस्य झपेन्द्र गहिरेको स्वागत र सदस्य सन्तोष खनालको सञ्चालनमा कार्यक्रम चलेको थियो ।

## बाढीले नहर बगाउँदा विद्युत् सेवा अवरुद्ध

गुल्मी । बाढीले विद्युत् परियोजनाको नहर बगाउँदा दुई सातादेखि गुल्मीको मुसिकोट क्षेत्रका नागरिक अन्धकारमा बस्न बाध्य बनेका छन् । गत असार २३ गते आएको बाढीले मुसिकोट नगरपालिका- ८ स्थित कोप्चामा रहेको लघुजलविद्युत् परियोजनाको बाँध बगाइदिएपछि त्यस क्षेत्रका नागरिक विद्युत् सेवाबाट वञ्चित भएका हुन ।

स्थानीय दरम खोलाले ८० मिटरभन्दा लामो बाँध बगाइदिएपछि त्यस क्षेत्रका एक हजार छ सयभन्दा बढी घरधुरी प्रत्यक्ष रूपमा प्रभावित बनेको मुसिकोट नगरपालिका प्रमुख जीवलाल खरेलले जानकारी दिए । बाढीले बगाएको बाँध मर्मत गर्न लामो समय लाग्ने भएका कारण विद्युत् प्राधिकरणसँग समन्वय गरेर केन्द्रीय प्रशारणको लाइन जोड्नका लागि पहल गरिरहेको नगर प्रमुख खरेलले बताए ।

यसका लागि नगरपालिकाले प्राविधिक पठाएर लागत मूल्याङ्कल गर्न सुरु गरेको उनको भनाइ छ । बाढीका कारण परोपकार बहुउद्देश्यीय सहकारी संस्थाबाट सञ्चालित लघु जलविद्युत् र दरमखोला लघु जलविद्युत्को नहर बगाएको परोपकार बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक भुवन काफ्लेले बताए ।

नहर बगाएपछि विद्युत् सेवा अवरुद्ध हुँदा मुसिकोट नगरपालिकका, बाग्लुङको बढिगाड गाउँपालिका र गल्कोट नगरपालिकासहित त्यस क्षेत्रका आठ हजार भन्दाबढी उपभोक्ता विद्युत् उपभोग गर्नबाट वञ्चित बनेको बताइएको छ ।

उक्त क्षेत्रमा परोपकार लघुजलविद्युत्बाट एक सय ३५ किलोवाट र दरमखोला लघु जलविद्युत्बाट ५० किलोवाट विद्युत् उत्पादन हुँदै आएको थियो । खोलामा पानीको बहाव धेरै भएका कारण वर्षा नरोकिएसम्म नहर मर्मत गर्न समस्या परेको बताइएको छ । स्थानीयले उपभोग गर्दै आएको विद्युत् सेवा बन्द भएपछि त्यस क्षेत्रका नागरिकलाई मोबाइल चार्ज गर्नेदेखि अन्य सञ्चार र उद्योग उपकरण सञ्चालनमा थप समस्या उत्पन्न भएको छ ।

# जेसीस सप्ताह सुरु




पाल्पा । पाल्पामा जेसीज सप्ताह २०२४ सुरु भएको छ । सप्ताहको तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले शुभारम्भ गरे ।

कार्यक्रमको शुभारम्भ गर्दै नगरप्रमुख श्रेष्ठले युवाहरूको नेतृत्व र व्यक्ति विकासमा जेसीसले महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । आफू पनि वर्ष १९९० को जेसीज पाल्पाको अध्यक्ष भएको र त्यहाँबाट व्यक्तित्व विकाससँगै जीवन जिउने कला राम्रोसँग सिक्ने अवसर प्राप्त गरेको नगरप्रमुख श्रेष्ठले जनाए ।

पाल्पा जेसीजका संस्थापक अध्यक्ष छत्रराज शाक्यले जेसीजले स्थापना कालदेखि १८ देखि ४० वर्ष समूहका युवाहरूको क्षमता अभिवृद्धि गरी असल नेतृत्व कर्ता उत्पादन गर्न सफल भएको बताए । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखा अध्यक्ष बाबुराम कार्कीले युवाबाटै देशको नेतृत्व सम्हालु पर्नेमा जोड दिए ।

कार्यक्रममा पाल्पा जेसीजका पूर्व अध्यक्ष बुद्धिप्रसाद शर्मा, तानसेन ४ का वडाध्यक्ष हेमन्तराज शाक्य, १ का वडाध्यक्ष तथा जेसीजका निवर्तमान अध्यक्ष सुनिलकुमार बस्याल, ६ का वडाध्यक्ष सागमान महर्जन, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष तथा पाल्पा जेसीजका पूर्व अध्यक्ष शैलेन्द्र भट्टराई, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य मिलन विकलगायतले जेसीसले पाल्पामा गरेको कामहरूको बारेमा चर्चा गरेका थिए ।

सप्ताहमा तानसेन नगरपालिका वडा नं. १ देखि ७ का महिलाहरूलाई नेतृत्व क्षमता अभिवृद्धिका तालिम सञ्चालन गरिएको जेसीजका अध्यक्ष अर्जुन कार्कीले बताए । संस्थाका उपाध्यक्ष गणेश बस्यालको स्वागत, महासचिव विजय कार्कीको सञ्चाल, अध्यक्ष अर्जुन कार्कीको अध्यक्षतामा कार्यक्रम भएको थियो । तालिममा प्रशिक्षक कला दाहाल, एञ्जिना खनालले प्रशिक्षण दिएका छन् ।

# घर्तीमगरलाई बचाउन अपिल



बुटवल । गुल्मी दरबार गाउँपालिका वडा नं. १ निवासी वर्ष ४४ का पर्सुराम घर्तीमगरलाई बचाउन नवजनविकास युवा परिवारले अपिल गरेको छ ।

झन्डै तीन वर्ष अगाडि मृर्गौला प्रत्यारोपण गरेका घर्तीमगरलाई ब्लड क्यान्सर देखिएपछि उपचार खर्च जुटाउन संस्थाले पर्सुराम घर्ती बचाऔँ अभियान सञ्चालन गरेको हो ।

क्यान्सरको उपचार पद्धति निकै खर्चिलो र आर्थिक अवस्था कमजोर रहेकोले अभियान सुरु गरिएको संस्थाले जनाएको छ ।

वीर अस्पताल काठमाडौंमा उपचाररत घर्ती संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार समेत रहेका छन् । घर्तीलाई सहयोग गर्न निम्न खातामार्फत् सहयोग गर्न आग्रह गरिएको छ ।

उनलाई ग्लोबल आइएमइ बैंक बुटवल मिलनचोक शाखामा पर्शुराम घर्तीमगर नामको खाता नम्बर ४७०७०१०००८८०६ नम्बरमा रकम राखेर सहयोग गर्न अपिल गरिएको छ । आवश्यक सहयोग तथा सहकार्यको लागि घर्तीमगरको सम्पर्क नम्बर ९८६७५४४५५३ मा फोन गर्न अपिल गरिएको हो ।

### भैरहवा...

पछिल्लो समय भन्सारले सेवा प्रवाह सरलीकृत गर्दै लगेको छ भने अवैध पैठारी रोक्न सीमा क्षेत्रमा गस्ती तीव्र पारेको छ । जसबाट प्याज, कपडा, चिनी, सूर्तिजन्य बस्तु किरानाका सामानसहित मानिस र सवारीसाधनलगायतबाट लाखौं मूल्यका सामान बरामद भएको छ ।

भन्सार विभागले आर्थिक वर्ष २०८१-०८२ मा भने विगतको तुलनामा १८ अर्ब घटाएर भन्सारलाई १ खर्ब ९ अर्ब लक्ष्य तोकेको छ । मुलुकको समग्र भन्सार राजस्व संकलनमा भैरहवा भन्सार कार्यालयको योगदान करिब १२ प्रतिशत छ । तर, पछिल्ला तीन वर्षमा भने राजस्व असुली घट्दा मुलुकको राजस्व लक्ष्य नै प्रभावित परेको छ ।

### कांग्रेस...

‘नेपालको राजनीतिमा सिद्धान्त, इमान जमान छैन, छलकपट, जालझेल मात्रै छ, त्यसैले यो सरकार लामो समय टिक्छ भनेर भन्ने अवस्था छैन,’ केसीले भने -‘यहाँ एउटालाई खेलाएर अर्कोलाई गलाउने, अर्कोलाई प्रयोग गरेर अर्कोलाई सिध्याउने आफू जोगिने खेल मात्र हुन्छ ।’

संघीयताले प्रदेशहरूमा वर्षेनी अर्बौं रुपैयाँ खर्च बढाएकाले पनि जनतामा राजनीति र संघीयताप्रति वितृष्णा र निराशा पैदा गरेको दोहोऱ्याउँदै केसीले दुई ठूला दल मिले पनि जनतामा उत्साह नभएको बताए । प्रदेशलाई खारेज गरी त्यहाँ दिइने बजेट र हुने खर्च स्थानीय तहमा दिएमा मात्रै देशमा विकास निर्माणका लागि बजेट पुग्ने केसीले दोहोऱ्याए । प्रधानमन्त्री ओलीले प्रतिनिधि सभामा लिने विश्वासको मतको प्रस्वावको पक्षमा आफ्नो दलले भोट नदिने उनले स्पष्ट पारे ।

### त्रिशुलीमा...

खोजतलासका लागि आएका एनडीआरएफका प्रतिनिधि कुनाल तिवारीले यथाशक्य छिटो खोजतलासको काममा जुट्ने बताए । उनले नेपालका जस्तै नदी भारतमा पनि रहेको जनाउँदै उस्तै प्रकृतिका नदीमा खोजतलास गर्न समस्या नहुने जनाए । धमिलो र उच्च बहावका नदीमा खोजतलास कार्य भारतमा गरेको भन्दै उनले यहाँ काम गर्न सकिने बताए ।

पानीमुनि खोजतलासमा प्रयोग हुने यन्त्र उपकरणलगायत सेटसहित उनीहरू आएका छन् । उनीहरूले तीन वटा अत्याधुनिक सोनार उपकरण पनि ल्याएको यादवले जानकारी दिए । ती उपकरणले पानीभित्र ३० फिट तलसम्म हेर्न मिल्ने जानकारी दिए । टोली सात दिनसम्म रहने उनको भनाइ छ । नेपालको स्रोतसाधनले बसको अवस्था पत्ता लगाउन नसकेपछि सरकारले खोजीका लागि अन्तर्राष्ट्रिय उद्धार टोली मगाएको हो । गृह मन्त्रालयले परराष्ट्रमार्फत् भारतीय उद्धार टोली मगाएको थियो । खोजीका लागि नेपालले भारतको सहयोग मागेको थियो । गृहमन्त्रालयको विपद् महाशाखा प्रमुख डा.भीष्मकुमार भुसालका अनुसार ती टोली घटनास्थलबाट नै खोजीकार्य गर्नेछन् ।

राष्ट्रिय विपद् प्रतिकार्य फोर्स भारतका विज्ञ तिवारीसहित १२ जना रहेका छन् । उनीहरूले उद्धारका लागि चाहिने डोरी, पानीभित्र प्रयोग हुने सञ्चार यन्त्र, कम्प्रेसर मेसिन सेट, लाइफ ज्याकेट, टेन्ट, पानीभित्रको डिभाइडर, रेन कोटलगायतका आवश्यक सामग्री र उपकरण लिएर आएको भैरहवा भन्सार कार्यालयका प्रमुख नारद गौतमले जानकारी दिए । सिमलताल दुर्घटना भएको एक साता भएको छ । अहिलेसम्म विभिन्न ठाउँमा गरी २३ वटा शव भेटिएको छ । दुई बसमा गरी ६५ जना सवार रहेकोमा तीन जना सकुशल फेला परेका थिए । अझैं ३९ जना यात्रु र बसको अवस्था थाहा हुन सकेको छैन ।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मिति: २०८१/०४/०५ को
सुनचाँदीको बजारभाउ
छापा सुन प्रति तोला : १,४८,०००
तेजावी सुन प्रति तोला : १,४७,३००
चांदी प्रति तोला :१,८६०

**लायन डिष्ट्रिलरी प्रा. लि.**
**सुनवल न.पा. २, नवलपरासी**

**मूल्य सूची सम्बन्धी सूचना**

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु नेपाल अधिराज्यभित्र विक्री वितरण गर्न आ.ब. ०८१/०८२ को लागि मिति २०८१ /०४/ ०६ गतेदेखि लागू हुने गरी निम्न बमोजिमको मूल्य कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यू.पि. शक्ति | एम. एल | डिलर मूल्य मू.अ.क.समेत प्रति कार्टून | डिलर कमिसन मू.अ.क.समेत प्रति कार्टून | होलसेल मूल्य मू.अ.क.समेत प्रति कार्टून | होलसेल कमिशन मू.अ.क.समेत प्रति कार्टून | रिटेल मूल्य मू.अ.क.समेत प्रति कार्टून | रिटेल कमिशन मू.अ.क.समेत प्रति कार्टून | उपभोक्ता मूल्य प्रति कार्टून: प्रति कार्टून | प्रति बोत्तल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| किसमिस सौफ, जलवा, गोल्डेन कोलालि , | | | | | | | | | | |
| लायन्स किसमिस, LION’S किसमिस सौंफ | ७० | ३०० | १०२६.०४ | १६.९५ | १०४२.९९ | १६.९५ | १०५९.९४ | १४०.०६ | १२००.०० | ४०.०० |
| जलपरि , ८००० हिमचूली | ७० | ३०० | १२२६.०५ | २८.२५ | १२५४.३० | २८.२५ | १२८२.५५ | ५१७.४५ | १८००.०० | ६०.०० |
| LION’S BOBBY ,जेट, Black Tiger, Wild Tiger | ७० | ३०० | १२९०.४६ | २८.२५ | १३१८.७१ | २८.२५ | १३४६.९६ | ६०३.०४ | १९५०.०० | ६५.०० |
| LION’S LOVE | ७० | ३०० | ११७५.२० | २८.२५ | १२०३.४५ | २८.२५ | १२३१.७० | ४१८.३० | १६५०.०० | ५५.०० |

नोट : उल्लेखित मूल्यमा अन्तःशुल्क,मू.अ.कर,समावेश गरिएको छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# आजदेखि बोलबम सुरु



**अनिता चौधरी**
*सैनामैना*

श्री पर्रोहा परमेश्वर शिव ज्योतिर्लिङ्ग बोलबम धामको श्रावणी जलापर्ण यात्रा तथा श्रावणी मेला आजदेखि सुरु हुँदैछ।

रूपन्देहीको सैनामैना नगरपालिका वडा नं. १ मा रहेको पश्चिम नेपालकै प्रमुख ऐतिहासिक, धार्मिक, एवम् पुरातात्तिक महत्वको प्रसिद्ध तिर्थस्थलका रूपमा परिचित पर्रोहा परमेश्वर शिव ज्यातिर्लिङ्ग बोलबम धामको श्रावणी मेलासँगै जलापर्ण कार्यक्रम आजदेखि सुरु हुँदैछ। पर्रोहा बोलबम मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामबली चौधरीले गुरु पूर्णिमादेखि सुरु हुने जलार्पण कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको समेत जानकारी गराए। चौधरीका अनुसार आजदेखि सुरु हुने जलापर्ण कार्यक्रमको सैनामैना नगरपालिकाका उप-प्रमुख विना रानाले दिउँसो १ बजे उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

पश्चिमको पशुपतिनाथको नामले समेत पहिचान बनाएको बोलबम धाममा जलापर्ण कार्यक्रम भाद्र ३ गते जनैपूर्णिमासम्म चल्नेछ। विशेष गरी साउन महिनाको सोमबारका दिन पहेँलो गेरुवावस्त्र धारण गरी, खाली खुट्टा बोलबमको मन्त्र जप्दै यात्रागरी धामको शिव ज्योतिर्लिङ्गमा पवित्र गंगाजल अपर्ण गरेमा पुण्य प्राप्ती हुने र बाढी पहिरो, नदीकटान, भूक्षय जस्ता प्राकृतिक प्रकोप र वर्षायामा लाग्ने विभिन्न रोग व्याधिबाट मुक्ति मिल्ने जन विश्वास रहेको छ।

हरेक वर्ष साउन महिनाभर नेपाल श्रावण महिनाभर कपिलवस्तुको लक्ष्मण घाट, रुपन्देहीको रामघाट, तनहुँको देवघाट, नवलपरासीको त्रिवेणी, गुल्मीको रिडी, पाल्पाको राम्दी, मुस्ताङको मुक्तिनाथ, प्यूठानको स्वर्गद्वारी, काठमाडौँको सुन्दरीजल, पशुपतिनाथलगायतका स्थानहरुबाट गंगाजल ल्याई शिव मन्दिरमा जलापर्ण गर्नेको घुइँचो लाग्छ भने भारतका गंगा, जमुना, काशी, गया, हरिद्धारलगायतका स्थानहरुबाट पनि उल्लेख्य मात्रामा श्रदालु भक्तजनहरुले जलापर्ण गर्ने गर्दछन्। धाम व्यवस्थापन समितिका अनुसार यस वर्ष पनि करिब ३ लाख बढी भक्तजनले बोलबम धाममा जलापर्ण गर्ने अपेक्षा छ।पहिलो चरणको जलापर्ण कार्यक्रमअन्तर्गत साउन ६ गते आइतबार कपिलवस्तुको वाणगंगा लक्ष्मण घाटबाट सत्संग, भजन किर्तन गर्दै जल ल्याई साउन ७ गते बोलबम धाममा जलापर्ण गरिने अध्यक्ष चौधरीले जानकारी दिए।

यस्तै साउन १२ गते सैनामैना-३ मा अवस्थित धार्मिक क्षेत्र कालिरहबाट पैदल यात्रा, साउन १५ देखि १८ गतेसम्म नवलपरासीको त्रिवेणी धाम, साउन २२ देखि २४ गतेसम्म म्याग्दी गलेश्वरधाम र साउन ३० गते गुल्मी, पाल्पा र स्याङ्जाको संगमस्थल रिडी रूरू क्षेत्रतर्फ प्रस्थान गरी ३१ गते धाममा आइ जलापर्ण गर्नेछन्। कार्यक्रममा साउन महिनाभर लाग्ने श्रावणी मेलामा २ सय बढी स्टल रहनेछन्। भक्तजनहरुलाई सहज रुपमा दर्शन गर्न र भिडभाडलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था समेत मिलाइएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ। श्रावणी मेलालाई भव्य बनाउन १५ जना संयोजक तोकेर विभिन्न समिति, उप-समिति गठन गरी जिम्मेवारी तोकिएको समेत समितिले जानकारी गराएको छ।

# विकास र सुशासनमा केन्द्रित भएर काम गर्न अनुरोध

**कृष्ण पोखरेल**
*पाल्पा*

नेकपा एमाले पाल्पाले संघ, प्रदेश र स्थानीय तहबाट निर्वाचित जनप्रतिनिधिहरूलाई जनता केन्द्रित, जनतामैत्री भएर विकास निर्माण र सुशासनमा काम गर्न अनुरोध गरेको छ। केन्द्रमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार निर्माण भएको अवसरमा एमालेको राष्ट्रिय नारा सुखी नेपाली समृद्ध नेपालको अभियान पूरा गर्न जिल्ला-जिल्लाबाटै काम गर्न एमालेबाट निर्वाचित ३ वटै तहका जनप्रतिनिधिहरूलाई एमाले पाल्पाले निर्देशन गरेको छ। पाल्पामा दुई वटै संघीय निर्वाचन क्षेत्र, चार प्रदेश निर्वाचन क्षेत्रमध्ये दुई निर्वाचन क्षेत्र, दश स्थानीय तहमध्ये ६ वटामा प्रमुख, पाँचमा उप-प्रमुख, जिल्ला समन्वय समिति र ८१ वटा वडाहरूमध्ये ४१ वटा वडामा एमालेका उम्मेदवारहरू निर्वाचित भएका छन्।

एमाले पाल्पाले संघीय, प्रदेश सांसद, पालिका प्रमुखहरू, जिल्ला समन्वय समितिका प्रमुख, पालिका प्रमुखहरूलाई एकै ठाउँमा राखेर जनताको आवश्यकतालाई मध्यनजर गरी विकास निर्माणका काम गर्न, आ-आफ्नो क्षेत्रमा सुशानका काम गर्न अनुरोध गरेको छ।

जनताले पाल्पामा एमालेलाई सधैँ पहिलो पार्टी बनाएका छन्, जनताको भावनाअनुसार काम गरेर मिशन ८४ मा एमालेको पक्षमा जनलहर ल्याउने गरेर काम गर्न जिल्लाबाट निर्वाचित ३ वटै तहका जनप्रतिनिधिहरूलाई एमाले लुम्बिनी प्रदेशका अध्यक्ष राधाकृष्ण कंडेलले आग्रह गरे। पार्टीबाट उम्मेदवार भइ जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले आ-आफ्नो घोषणापत्र, पार्टीको घोषणापत्र, स्थानीय जनताको भावना र आवश्यकताअनुसार कामहरू भएका छन् की छैनन् भनेर समीक्षा गरी भावी योजनाका विषयमा छलफल केन्द्रित भएको एमाले अध्यक्ष ओमबहादुर घर्तीमगरले बताए। छलफलमा एमाले जिल्लाका पार्टी पदाधिकारीहरू, पाल्पा क्षेत्र नं. १ प्रतिनिधिसभा सदस्य नारायणप्रसाद आचार्य, प्रदेश सदस्यहरू राजुप्रसाद श्रेष्ठ, खेमबहादुर सारू, ईन्द्रा गहतराज, जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, उप-प्रमुख काशिका गैरे तथा ६ वटा पालिकाका प्रमुख, उप-प्रमुखहरू, १० वटै पालिकाका पार्टी अध्यक्षहरूको सहभागिता रहेको थियो। कार्यक्रममा संघीय सांसद नारायणप्रसाद आचार्यले जनताको आवश्यकताको आधारमा पार्टीले घोषणापत्र बनाएर, घोषणापत्रलाई आधार बनाएर आफूहरूले काम गर्दै आएको छलफलमा बताएका थिए।

# अन्तर्राष्ट्रिय भलिबलमा नेपाल विजयी



**लुम्बिनी संवाददाता**
*बुटवल*

काभा यु-२० महिला भलिबल च्याम्पियनसीपमा नेपालले विजयी सुरुवात गरेको छ। माल्दिभ्सको माले सिटीस्थित सोसल सेन्टरमा शनिबार भएको लिगको आफ्नो अन्तिम खेलमा नेपालले घरेलु टोलीलाई ३-० को सोझो सेटमा पराजित गरेको हो।

नेपालले माल्दिभ्सलाई २५-१६, २५-९, २५-१० ले पराजित गरेको हो। नेपालले माल्दिभ्सविरुद्ध कप्तान जेनिशा विश्वकर्मालाई बाहिर राख्दै मीना सुनार, स्नेहा ठगुन्ना र अनुषा चौधरीलाई पहिलो रोजाइमा खेलाएको थियो। नेपाली टोलीमा बुटवलको एभरेष्ट भलिबल क्लबका मात्रै ४ जना खेलाडी समावेश रहेका र उनीहरुको उत्कृष्ट प्रदर्शन जितका लागि महत्वपूर्ण बनेको प्रशिक्षक अर्जुन घिमिरेले बताए।

नयाँ सेटमा खेल्दा नेपालको तालमेलमा केही कमजोरी देखिएको थियो। जसले गर्दा माल्दिभ्सले १६ अंक जोड्न सफल भयो। दोस्रो र तेस्रो सेट भने नेपालले एकपक्षिय रुपमा आफ्नो पक्षमा पारेको थियो।

मुख्य प्रशिक्षक कुमार राईले सेमिफाइनल तयारीलाई मध्यनजर गर्दै माल्दिभ्स विरुद्धको खेलमा सबै खेलाडी खेल्ने मौका दिएका थिए। आरती चौधरीले दोस्रो तथा आशिका क्षेत्रीले तेस्रो सेटमा खेल्ने अवसर पाएका थिए।यसअघि लगातार दुई खेलमा पराजित भएको नेपाल माल्दिभ्सलाई हराएपछि चार टोली सहभागी च्याम्पियनसीपमा २ अंकसहित तेस्रो स्थानमा छ।

उपाधि दाबेदारको रुपमा माल्दिभ्स आएको नेपालले सुरुवाती दुई खेलमा रिसिभ र डिफेन्समा कमजोर प्रदर्शन गर्दा पराजित भएको थियो। पहिलो खेलमा नेपाल श्रीलंकासँग ३-१ सेटमा पराजित भएको थियो भने दोस्रो खेलमा किर्गिस्तानसँग ३-० को सेटमा पराजित भएको थियो। अब शनिबार हुने किर्गिस्तान र श्रीलंकाबीचको खेलपछि नेपालको सेमिफाइनल प्रतिद्वन्द्वी तय हुनेछ।

किर्गिस्तान र श्रीलंका दुवैले यसअघि दुई खेल जित्दै समान ४ अंक जोडेका छन्। यी दुई बीचको खेलमा पराजित हुने टोलीसँग नेपालले सेमिफाइनल खेल्नेछ।

सेमिफाइनलका दुवै खेल आउने आइतबार हुनेछ। फाइनल खेल सोमबार हुनेछ।

# 'खोली तिरैमा' सार्वजनिक

बुटवल। नेपाली हिन्दु नारीहरूको महानपर्व हरितालिका तीज नजिकिएसँगै बजारमा तीजका गीतहरू घन्कन थालेका छन्।

यसैक्रममा बुटवलमा पनि कलाकार दुर्गा नेपालको मौलिक तीजगीतसम्बन्धी बनेको म्यूजिक भिडियो 'खोली तिरैमा' सार्वजनिक भएको छ। उक्त तीज गीतको सार्वजनिक गर्दै बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्रा अर्यालले कला संस्कृतिको माध्यमबाट बुटवललाई चिनाउने र पर्यटन प्रवर्द्धनका हिसाबले पनि निकै महत्व राख्ने बताइन्।

कला र संस्कृति भनेका देश र समाजको पहिचानको लागि मेरूदण्ड भएकाले यसको संरक्षण र विकास गर्न कलाकारको सम्मान गर्नु पर्ने र सबैको साथ सहयोग हुनुपर्ने उनले जनाइन।

नेपाल पत्रकार महासंघ रूपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, म्यूजिक भिडियो निर्देशक मनिष पन्थ, पत्रकार महासंघका केन्द्रीय पार्षद हरिष ढकाल, मीना ढकाललगायतले बोल्दै स्थानीय रूपमा निर्माण गरिएको उक्त म्यूजिक भिडियोले कला र संस्कृति जगेर्नामा सहयोग गर्ने बताउँदै उदाउँदा कलाकारहरूको हौसला बढाउनु पर्ने बताएका थिए।

म्यूजिक भिडियोको छायाँकन, सम्पादन तथा निर्देशकमा मनिष पन्थ, नृत्य निर्देशक लोकेन्द्र शाह, शब्द संगित अर्जुन कौशल, अभिनय अंकिता नेपाल र अभ्यूदय ढकालको रहेको छ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सरकारी विज्ञापन प्रकाशन तथा प्रसारण र रकम भुक्तानी सम्बन्धी अत्यन्त जरूरी सूचना !

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ बमोजिमका सार्वजनिक निकायहरूले विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण गर्दा गराउँदा तथा सो को भुक्तानी गर्दा देहाय बमोजिम गर्न गराउनु हुन विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क.बमोजिम यो सूचना प्रकाशित गरिएको छ।
१.विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चार माध्यमहरूबाट मात्र विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण गर्न हुन।
२.बोर्डमा सूचीकरण भएको विज्ञापन एजेन्सीसँग मात्र कारोबार गर्न गराउनु हुन।
३.सञ्चार माध्यममा सो विज्ञापन प्रकाशन तथा प्रसारण गरेको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिलबमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल बमोजिम भुक्तानी गर्नु गराउनु हुन।
४.विज्ञापन सम्बन्धी कारोबारको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा (२) को खण्ड 'ख' को व्यवस्था बमोजिम सरकारी निकायले तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा अनिवार्य रुपमा जम्मा गर्नु गराउनु हुन र सो को जानकारी बोर्डलाई गराउनु हुन।
नेपाल सरकार
विज्ञापन बोर्ड

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

HYDRABADI DUM BIRYANI
Quality Lasi Center


HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र


"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com